नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मा. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवीज्यूले पदवहाली गर्नुभए पश्चातको १०० दिनमा यस मन्त्रालय र अन्तरगतका निकायवाट सम्पन्न भएका मुख्य मुख्य कार्य एवम् उपलब्धीहरुको संक्षिप्त विवरण देहाय अनुसार उल्लेख गरिएको छ।।

१. ऐन नियम निर्माण तथा परिमार्जन सम्बन्धमा

- निर्माणजन्य सामग्रीको व्यवस्थापन तथा नियमन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदमा दर्ता भएको।
- सङ्घीय निजामती सेवा सम्बन्धी विधेयकको मस्यौदा उपर लोकसेवा आयोगको राय सहित नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराई संघीय संसदमा विधेयक पेश गर्ने अवस्थामा रहेको।
- फोहोरमैला सम्बन्धी कानून निर्माणको लागि विधेयकको मस्यौदा तयार भईरहेकोमा नेपाल सरकार कार्य बिभाजन नियमावलीमा संसोधन भए बमोजिम उक्त कार्य शहरी विकास मन्त्रालयमा हस्तान्तरण भएको।
- स्थानीय सरकार संचालन ऐन २०७४ को संशोधन विधेयकको तयारीको लागि सम्वन्धित निकायहरुसँग राय माग भइ अन्तिम मस्यौदा तर्जुमा गरी स्वीकृतिको प्रक्रिया अगाडी बढाइएको।

२. संघियता कार्यान्वयन सहजीकरण सम्बन्धमा

- अन्तरसरकार समन्वयका लागि विषयगत समिति गठन गरिएको।
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ परिमार्जन गरिएको।
- वार्षिक सभा गर्न नसकेका स्थानीय तहहरूलाई सभा सञ्चालनमा सहजीकरण गर्न गाउँपालिका महासंघ/नगरपालिका महासंघसंग संयुक्त बैठक गरिएको।
- स्थानीय तहको लागि विभिन्न विषयका थप ४ वटा नमूना कानूनको मस्यौदा तयार भएको।
- अन्तरसरकारी सम्वन्ध र समन्वयको लागि कार्यविस्तृतीकरण परिमार्जनको प्रारम्भिक सुझाव संकलनको लागि प्रदेशस्तरीय अन्तर्क्रिया तथा छलफल गोष्ठीमा समन्वय र सहयोग गरिएको।
- भरतपुर महानगरपालिका र चीनको सिगात्से नगरपालिकाबीच भगिनी सम्बन्ध कायम भएको।
- अर्जुनधारा नगरपालिका र संयुक्त राज्य अमेरिकाको City of Arlinton, भीमेश्वर नगरपालिका र चीनको Sichuwan Province, Dujiangyan City बीच भगिनी सम्बन्ध कायम गर्न आवश्यक समन्वय तथा सहजीकरण भैरहेको।
- सातै प्रदेशका ICT, PFM तथा मुख्यमन्त्री कार्यालयका अधिकृतस्तरका कर्मचारीहरुलाई प्रादेशिक वित्तीय जोखिम मूल्याङ्कन (P-FRA) कार्यविधि र प्रणालीसम्वन्धी कार्यशाला सञ्चालन भएको।
- स्थानीय तहको संक्षिप्त परिचयलाई अध्यावधिक गरी प्रकाशन गरिएको।
- कोशी प्रदेशको विराटनगर र मधेश प्रदेशको राजबिराजमा गरी ७७ वटा स्थानीय तहको सहभागितामा स्थानीय तहले हासिल गरेका असल अभ्यास आदान प्रदान कार्यक्रम सम्पन्न भएको।
- स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउने कार्यलाई थप ब्यबस्थित गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत खटाउने सम्बन्धी मापदण्ड तयार गर्ने कार्य अन्तिम चरणमा रहेको।
- संघीयता कार्यान्वयनमा सहजीकरणका लागि अन्तरक्रियात्मक रुपमा छलफल सिरिज शुरु भई ३ वटा सिरिज सम्पन्न भएको।
- बहुक्षेत्रीय पोषण आयोजना MSNP_III को program document तयार भई स्वीकृतिको लागि राष्ट्रिय योजना आयोग मार्फत नेपाल सरकार मन्त्रिपरिषद्मा स्वीकृतिको लागि पठाइएको। साथै यस कार्यक्रम संचालनको लागि European Union सँग Financial Agreement गर्ने चरणमा रहेको।

३. सार्बजनिक सेवामा मानव संसाधन ब्यबस्थापन तथा सेवा प्रवाह सम्बन्धमा

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सरकारी एवं सार्वजनिक निकायका ८८४ जना अधिकृत कर्मचारीलाई प्रशिक्षण प्रदान गरिएको।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट सहायकस्तरका २७० जना कर्मचारीहरुलाई सेवाकालीन प्रशिक्षण प्रदान गरिएको। प्रदेश र स्थानीय तहका १२० जना अधिकृत कर्मचारीहरुको लागि सेवाकालिन तालिम सञ्चालन सम्पन्न भएको।
- राष्ट्रिय किताबखाना र निबृतिभरण ब्यबस्थापन कार्यालयबीच प्रणालीगत अन्तर आबद्धत्ता कायम गरिएको।
- राष्ट्रिय किताबखाना (निजामति) वाट निजामति कर्मचारीको वैयक्तिक विवरण फारम (सिटरोल) प्रमाणित गर्ने प्रणालीलाई पूर्णतया अनलाईनमा आधारित बनाइएको।
- निजामती अस्पतालमा प्रतिदिन सरदर ८०० भन्दा बढी जनालाई वहिरङ्ग सेवा प्रदान गरिदै आएको।
- साबिकको सामान्य प्रशासन मन्त्रालयसंगै रहेको पुस्तकालयलाई यस मन्त्रालयको भुई तलामा स्थानान्तरण गरी ब्यबस्थितरुपमा संचालन गरिनुका साथै Online Public Access Catalogue र E-Library को विकास अन्तिम चरणमा रहेको।
- Research for Life को सदस्यता प्राप्त गरी ५०००० भन्दा बढी प्रकाशनहरु (पुस्तक/जर्नल) मा पहुँचको वाताबरण सिर्जना भएको।
- प्रदेशमा कार्यरत कर्मचारीको अभिलेखलाई प्रविधिमैत्री बनाउने गरी PIS portal सुदुरपश्चिम प्रदेश सरकारसहित ७ वटै प्रदेशमा हस्तान्तरण भएको।

४. बार्षिक कार्यक्रम कार्यान्वियन सम्बन्धमा

- कार्तिक मसान्त भित्र सम्पन्न हुनुपर्ने २५ वटा माईलस्टोनमध्ये सबै माईलस्टोनको कार्य प्रारम्भ भई १९ वटाको सम्पन्न (७६% प्रगती) भएको।
- यस मन्त्रालय अन्तर्गत आर्थिक बर्ष ०८०/०८१ को दोश्रो त्रैमासिक अवधी सम्मको लागि विनियोजित जम्मा बजेटको हालसम्म २३.४६ % खर्च भएको छ।
- सम्माननीय प्रधानमन्त्री र माननीय मन्त्रीवीच भएको कार्यसम्पादन सम्झौतामा ७६% प्रगती हासिल भएको छ।
- नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत भई स्थानीय तहवाट परियोजना प्रस्ताब माग गर्ने चरणमा रहेको। १९ वटा स्थानीय तहको मध्यमकालीन खर्च संरचना उपर स्थलगत रुपमा सहजीकरण तथा परिक्षण कार्यक्रम सम्पन्न भएको।
- संघ प्रदेश र स्थानीय तहमा सञ्चालित क्षमता विकासका गतिविधिहरूको व्यवस्थापन गर्न क्षमता विकास व्यवस्थापन प्रणाली ( CD-MIS) विकास गरिएको।

५. स्थानीय पूर्वाधार विकासमा सहजीकरण

- साना विकास परियोजना अर्न्तगत बिभिन्न २१ वटा स्थानीय तहबाट प्राप्त परियोजनाहरुको अध्ययन गरी अर्थ मन्त्रालयमा सिफारिस गरिएको।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को संरचनागत व्यवस्था गरी कार्यान्वयनमा गएको।
- तराई मधेश सम्मृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० स्वीकृत भएको। तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत २२ जिल्लाका १७० वटा स्थानीय तहमा २७० परियोजना सञ्चालन भएको।

मिति: २०८०/०९/०५

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय